श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२३ सालको ऐन नं. ५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमानमानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र बीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

### कर्मचारी सञ्चय कोष ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– कर्मचारी सञ्चय कोष ऐन, २०१९ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "कर्मचारी सञ्चय कोष (दोश्रो संशोधन) ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा १९ मा संशोधनः– मूल ऐनको दफा १९ को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छः–

(ङ) कोषबाट लिईएको ऋण म्यादभित्र नबुझाएमा म्याद भुक्तान भएका मितिले ३५ दिनपछि कोषमा राखेको जमानत बिक्री गरी असूल उपर गर्ने ।

३. खारेजीः– मूल ऐनको दफा २ को खण्ड (ङ), (च), (छ), (ज), (झ), (ट) र (ठ) खारेज गरिएको छ ।

लालमोहर सदर मिति २०२३।४।३१।२

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।